**फसल कटनी**

खोर्सानी रोपेको ६०/६५ दिनमा टिप्नको लागि तयार हुन्छ र यसलाई हप्ता-हप्तामा टिप्न सकिन्छ । यसलाई १०/१२ पल्ट सम्म टिप्न सकिन्छ । पाकेको फल बोटलाई असर नपर्ने गरि टिप्नु पर्द्छ।


**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**

Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Limbu S, Sharma L and Sharma, K.N. 2020. Cultivation practices of Dallae Chilli (Cherry Pepper) (Pamphlet). Department of Horticulture, Sikkim University.


Extension Bulletin-03/NMHS/2020

# डल्ले खोर्सानीको खेति




Authors
Suren Limbu, Laxuman Sharma and Khom Nath Sharma

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

## परिचय

डल्ले खोर्सानी (*Capsicum annumm* var. *cersiformae*) सिक्किमको मूल्यवान नगदे बाली मध्ये एक हो । यो बाली सिक्किमको हिउ पर्ने ठाउँ बाहेक प्राय जसो सबै क्षेत्रमा उब्जाउ गरिन्छ। यसको विविध व्यावसायिक उपयोगको लागि पनि मूल्यवान छ । यो बाली टमाटर र बैगुन परिवार अन्तर्गत पर्दछ । डल्ले खोर्सानी एकदमै पिरो खोर्सानी हो साथै यसमा धेरै औषधीय गुणहरू छन् र यसलाई अचार, पेस्ट, पाउडर र सुक्खा खुर्सानी बनाउन प्रयोग गरिन्छ ।

## हावापानी र माटो:

डल्ले खोर्सानी न्यानो र आर्द्र हावापानी मन पराउने बाली हो । बालीले उच्च तापक्रम सहन सक्छ तर यसले फूल फुल्ने र फल लाग्ने समयमा भारी वर्षाको सामना गर्न सक्दैन । यसलाई धेरै खाले उचाई साथै विभिन्न किसिमको माटोमा लगाआउन सकिन्छ । पानीको स्थिरता बालीको लागि हानिकारक हुनेभएकोले पानीको राम्रो निकास हुन आवस्यक पर्दछ।

## जग्गाको तयारी

बारी लाई २-३ पटक राम्रो सङ्ग जोत्नु पर्छ । अन्तिम जोताई सँगै सबै ठाउँमा पुग्ने गरि राम्रो सँग मल लगाउनु पर्छ । ग्रीष्म ऋतुमा सिँचाइको राम्रो बेवास्था गर्नका लागि डयाङ्ग बनाइन्छ। प्रत्यारोपणको पहिलो हप्तामा आंशिक छाप्रो को आवश्यक पर्दछ ।

## बीजको उपचार

राम्रो अंकुरणको लागि बीउहरू एक रातको लागि पानीमा भिजाइन्छ ।

## नर्सरी व्यवस्थापन

1 मिटर चौडाइ, 15-20 सेन्टिमिटर उचाइ र सुविधाजनक लम्बाइको नर्सरी बेड या त खुला मैदान वा पोलिहाउस भित्र बनाइन्छ । नर्सरीमा बढी सिँचाइको अभ्यास गर्नु हुँदैन । बिरुवाहरूलाई भीडभाड हुनु हुँदैन । प्लग ट्रेमा (Germination trays) बीउ छर्दा स्वस्थ बिरुवा उम्रन्छ ।

## प्रत्यारोपण

बिउ छरेको 30-35 दिनमा बिरुवा रोप्नका लागि तयार हुन्छ । प्रत्यारोपण बेलुकी गरिन्छ साथै प्रत्यारोपण पश्चात् तत्काल सिंचाई गर्नु पर्छ। अधिकतम बोट देखी बोट को दुरी 70 x 70 सेन्टिमिटर राखिन्छ । खेतीको लागि रोग नलागेको, किराले नखाएको स्वस्थ विरूवा हुनु पर्द्छ ।

## मलखाद व्यवस्थापन

बारीमा गाईको मल साथै थोरै मात्रामा कुखुराको मल लगाउदा यो फसललाई राम्रो हुन्छ ।

## गोडमेल

पर्त्यारोपन गरेको एक हप्ता बाद बिरुवा मरेको या किराले खाएको भए नयाँ बिरुवा सार्नु पर्दछ । राम्रो उत्पादनको लागि पहिलो र दोस्रो नोडहरूबाट उत्पन्न कलहरू हटाइन्छ । यस बाली खेतमा सामान्यतय कालो पोलिथिन प्लास्टिकको पानाले मल्चिङ गर्ने अभ्यास गरिन्छ । 4-5 दिनको फरक मा सुरुवाती अवस्थामा भएको बिरुवालाई साथै ७ दिनको अन्तरालमा परिपक्क भएको बिरुवालाई सिचाई गरिन्छ । बाली फुल्ने र फल्ने बेलामा बारी सुख्खा राख्नु हुदैन। साथै बारीमा पानी जमिनु हुदैन ।